स्थानीय सरकार

# खाँडादेवी गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

प.सं.:-०८३।८४ माकादुम, रामेछाप बागमती प्रदेश, नेपाल

च.नं.:-

## गणक (तथ्याङ्क सङ्कलनकर्ता) पदपूर्ति सम्बन्धी सूचना

सूचना प्रकाशित मितिः २०८३/०६/२३

खाँडादेवी गाउँपालिकामा सञ्चालन हुने किसान सूचीकरण कार्यक्रमअन्तर्गत कृषकहरूको विवरण सङ्कलन गर्नुपर्ने भएकाले देहायबमोजिमको योग्यता पुगेका इच्छुक नेपाली नागरिकहरूबाट खुला प्रतिस्पर्धामार्फत करार सेवामा पदपूर्ति गर्नुपर्ने भएकोले यो सूचना प्रकाशित गरिएको छ। इच्छुक तथा योग्य व्यक्तिहरूले यो सूचना प्रकाशित भएको मितिले ७ (सात) दिनभित्र अर्थात् मिति २०८३/०६/२९ गतेसम्म आवश्यक कागजात तथा विवरणसहित यस कार्यालयमा दरखास्त पेस गर्नुहुन सम्बन्धित सबैमा अनुरोध गरिन्छ।

इच्छुक व्यक्तिहरूले गाउँपालिकाको आधिकारिक वेबसाइट https://khandadevimun.gov.np/ बाट दरखास्त फाराम डाउनलोड गरी आवश्यक विवरण भरेर ito.khandadevimun@gmail.com मा इमेलमार्फत वा गाउँपालिकाको प्रशासन शाखामा उपस्थित भई दरखास्त पेस गर्न सक्नेछन्।

१. पद तथा पदपूर्तिसम्बन्धी विवरण

| विवरण | व्यहोरा |
|---|---|
| पद | गणक (किसान सूचीकरण तथ्याङ्क सङ्कलनकर्ता) |
| माग संख्या | ७ (सात) जना |
| सेवा प्रकार | करार सेवा |
| करार अवधि | ३ (तीन) महिना |
| न्यूनतम शैक्षिक योग्यता | मान्यता प्राप्त शिक्षण संस्थाबाट कम्तीमा एस.ई.ई. वा सो सरह उत्तीर्ण |
| छनोट विधि | अन्तर्वार्ता |
| काम गर्नुपर्ने स्थान | गाउँपालिकाले खटाएबमोजिमका वडा तथा तोकिएका क्षेत्रहरू |

२. दरखास्तसाथ पेस गर्नुपर्ने कागजातहरू

दरखास्त पेस गर्दा निम्न कागजातहरूको प्रतिलिपि स्वयंले प्रमाणित गरी संलग्न गर्नुपर्नेछ।

- नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि।
- मान्यता प्राप्त शिक्षण संस्थाबाट कम्तीमा एस.ई.ई. वा सो सरह उत्तीर्ण गरेको शैक्षिक योग्यताको प्रमाणपत्रको प्रतिलिपि।
- दरखास्त फाराममा माग गरिएका अन्य आवश्यक विवरण तथा कागजातहरू।

३.आवश्यक योग्यता तथा सीपहरू

- खाँडादेवी गाउँपालिकाको स्थायी बासिन्दा भएको।
- मोबाइलमा युनिकोड प्रयोग गरी नेपाली भाषामा टाइप गर्न सक्ने।
- मोबाइल एप प्रयोग गरी तथ्याङ्क सङ्कलन गर्न सक्ने।
- गाउँपालिकाले तोकेको क्षेत्रमा गई कृषकहरूसँग समन्वय गरी तथ्याङ्क सङ्कलन गर्न सक्ने।

E-mail:- khandadevimun@gmail.com, Website:- www. khandadevimun.gov.np, Contact:- 9854023600,9854056600

३. गर्नुपर्ने काम

- गाउँपालिकाले तोकेको वडा तथा टोलका गाउँ—गाउँमा गई किसान सूचीकरण कार्यक्रमअन्तर्गत कृषकहरूको आवश्यक विवरण सङ्कलन गर्ने।
- सङ्कलित कृषकहरूको तथ्याङ्क मोबाइल एप वा कम्प्युटरको माध्यमबाट किसान सूचीकरण प्रणालीमा प्रविष्टि गर्ने।
- कृषकबाट प्राप्त विवरण सही, पूर्ण तथा यथार्थपरक हुने गरी आवश्यक जाँचबुझ गरी तथ्याङ्क प्रविष्टि गर्ने।
- गाउँपालिकाले तोकेको कार्यक्षेत्रभित्र रही निर्धारित समयावधिमा किसान सूचीकरणसम्बन्धी कार्य सम्पन्न गर्ने।
- तथ्याङ्क सङ्कलन तथा प्रविष्टि कार्यको प्रगति विवरण सम्बन्धित वडा कार्यालय तथा गाउँपालिकामा आवश्यकताअनुसार पेस गर्ने।
- किसान सूचीकरण कार्यक्रम सञ्चालन तथा व्यवस्थापनका सम्बन्धमा गाउँपालिका वा सम्बन्धित वडा कार्यालयले तोकेबमोजिमका अन्य कार्यहरू गर्ने।

४. सेवा तथा सुविधा

- किसान सूचीकरण कार्यअन्तर्गत सङ्कलन गरिएका तथा सम्बन्धित निकायबाट रुजु भई स्वीकार भएका विवरणका आधारमा प्रति घरधुरी रु. १२५।— का दरले सेवा वडा समितिबाट प्रविष्टी गरेको तथ्याङ्क प्रमाणित भएपछि उपलब्ध गराइनेछ।
- सेवा सुविधा भुक्तानी गर्दा प्रचलित कानुन, स्वीकृत कार्यक्रम तथा सम्बन्धित मापदण्डबमोजिम हुनेछ।
- गणकले गाउँपालिकाले तोकेको कार्यक्षेत्रमा रही निर्धारित समयभित्र तथ्याङ्क सङ्कलन तथा सम्बन्धित कार्य सम्पन्न गर्नुपर्नेछ।

- थप जानकारीका लागि खाँडादेवी गाउँपालिकाको प्रशासन शाखा वा ९७६९७६७३१५ सम्पर्क गर्न सकिनेछ।

प्रमुख प्रशासकीय अधिकृत
युगेश कुमार यादव
प्रमुख प्रशासकीय अधिकृत